**बान्नीगढी जयगढ गाउँपालिका**

# स्थानीय राजपत्र

**खण्डः ५** **संख्याः २** **मितिः २०७८/०३/२०**

# भाग – १

# बान्नीगढी जयगढ गाउँपालिका

## बान्नीगढी जयगढ गाउँपालिकाको आर्थिक ऐन, २०७८

**प्रस्तावनाः** बान्नीगढी जयगढ गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८

को उपधारा (२) बमोजिम बान्नीगढी जयगढ गाउँपालिकाको छैठौं गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **“आर्थिक ऐन, २०७८”** रहेको छ ।

(२) यो ऐन २०७८ साल साउन १ गते देखि बान्नीगढी जयगढ गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

२. **सम्पति करः** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै/आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल उपर गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

७. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरञ्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकामा निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (११) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१४. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँ कार्यपालिकाले तोके अनुसार हुनेछ ।

## अनुसुची १: सम्पत्ति कर

१. **सम्पत्ति मूल्याङ्कन दस्तूरः** सम्पत्ति मूल्याङ्कन दस्तूर मूल्याङ्कन कायम हुन आएको मूल्यको ०.२० प्रतिशतका दरले लिने ।

२. **घर निर्माण नक्सापास दस्तूरः** घर निर्माण नक्शापास दस्तुर निम्न बमोजिम लिने ।

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १. | निवेदन फारम | १००.०० |
| २. | पिलर सहित ढलान गरी निर्माण गरिने घरलाई प्रति वर्ग फिट | ४.०० |
| ३. | पिलर बाहेक ढलान गरी निर्माण गरिने घरलाई प्रति वर्गफिट | ३.०० |
| ४. | ढलान बाहेक निर्माण निर्माण गरिने घरलाई प्रति वर्गफिट | २.०० |
| ५. | माटोको जडान घर निर्माण गर्नेलाई प्रति वर्गफिट | १.०० |
| ६. | नक्शा नामसारी तथा नविकरण वापत प्रत्येक पटक | ५००.०० |
| ७. | साविक घर परिवर्तन नहुने गरी मर्मत गर्नु परेमा | १००.०० |
| ८. | नक्शा पास सम्बन्धी कार्य सम्पन्न प्रमाणपत्र | ५००.०० |

| | | |
|---|---|---|
| ९. | पास भएको नक्शाको | २५०.०० |

३. **चार किल्ला प्रमाणित दस्तूरः** चारकिल्ला प्रमाणित सिफारिस दिँदा प्रति कित्ता निम्न बमोजिम क्षेत्रफल भएको जग्गाहरूमा निम्न बमोजिम सेवा शुल्क लिने ।

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १. | आधा रोपनी सम्मको जग्गाको | १००.०० |
| २. | एक रोपनीसम्मको जग्गाको | २००.०० |
| ३. | एक रोपनीभन्दा बढी ५ रोपनी सम्मको | ३००.०० |
| ४. | ५ रोपनी भन्दा बढी १० रोपनी सम्मको | ५००.०० |
| ५. | १० रोपनी भन्दा बढी जतिसुकै भएपनि | १०००.०० |

## अनुसुची २: भूमि कर (मालपोत)

### भूमि/घर कर (मालपोत)

क) **भूमि करः** अर्को कानून नबनेसम्म निम्नानुसार कर लिने । (१ रोपनी= ५०८.७४ वर्ग मी.= ५४७६ वर्ग फिट)

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| **१.** | १० रोपनीसम्म बार्षिक | रु. २०.०० |
| **२.** | १० रोपनी देखि २० रोपनीसम्म वार्षिक | रु. ५०.०० |
| **३.** | २० रोपनीदेखि ३० रोपनीसम्म वार्षिक | रु. १००.०० |
| **४.** | ३० रोपनीदेखि ५० रोपनीसम्म वार्षिक | रु. २५०.०० |
| **५.** | ५० रोपनीदेखि १०० रोपनीसम्म वार्षिक | रु. ५००.०० |
| **६.** | १०० रोपनीभन्दा माथि वार्षिक | रु. १०००.०० |

**ख) घर करः** घर कर निम्नानुसार लिइने छः

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| **१.** | साधारण झुपडी घरको वार्षिक | २५.०० |
| **२.** | ढुंगा माटोको जोडाई भएको कच्ची घरको वार्षिक | ६०.०० |
| **३.** | सिमेन्ट जोडाईको पक्की घरको वार्षिक | १००.०० |

## अनुसुची ३: घर वहाल कर

घर बहाल कर १० प्रतिशत लगाईने छ ।

## <u>अनुसुची ४: व्यवसाय दर्ता र कर</u>

**व्यवसाय कर**ः व्यवसाय कर वार्षिक रुपमा निम्न्नु अनुसार लिइनेछ ।

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १. | **होटल/ लज/ रेष्टुरेण्ट** | |
| | रेष्टुरेण्ट मात्र | ५००.०० |
| | साधारण खाना, नास्ता, लज | १०००.०० |
| | लज मात्र भएको लज | १०००.०० |
| | ५ कोठा भन्दा बढी कोठा भएको लज तथा खान भएको होटल | २०००.०० |
| | १० कोठा भन्दा माथि एसी भएको होटल, रेष्टुरेण्ट | ५०००.०० |
| २. | **मासु पसल** | |
| | राँगाको समेत सबै प्रकारको मासू मात्र बेच्ने | १०००.०० |
| | खरी र कुखुराको बेच्ने | ८००.०० |
| | कुखुरा माछा बेच्ने | ५००.०० |
| ३. | **मदिरा पसल वार्षिक इजाजत तथा नविकरण** | |
| | इजाजत प्राप्त खुद्रा मदिरा पसल | ३०००.०० |
| | इजाजत प्राप्त थोक मदिरा पसल | ४०००.०० |
| | इजाजत प्राप्त वितरक मदिरा पसल | ७०००.०० |
| ४. | कोल्ड ड्रिङ्कस पसल | ५००.०० |
| ५. | सून चाँदी गहना पसल | २०००.०० |
| ६. | रेडियो/मोवाइल/ईलेक्ट्रोनिक्स विक्रि तथा मर्मत | १५००.०० |
| ७. | सञ्चार सेवा | ५००.०० |
| ८. | घडि विक्रि तथा मर्मत | २००.०० |
| ९. | केवल टिभि सेवा | २०००.०० |
| १०. | **फोटो स्टुडियो** | |
| | फोटो स्टुडियो | ५००.०० |
| | कलर ल्याव | १०००.०० |
| ११. | **हजाम** | ५००.०० |
| १२. | **टेलरिङ** | |
| | आधुनिक | २०००.०० |
| | सामान्य | १२००.०० |
| १३. | **जुत्ता पसल** | |
| | जुत्ता सिलाई र बेच्ने | १०००.०० |

| | | |
|---|---|---|
| | जुत्ता मर्मत मात्र गर्ने | २५०.०० |
| **१४.** | **मोटर वर्कशप** | |
| | गाडीको वडी बनाउने तथा मर्मत | २५००.०० |
| | मोटर साइकल सहित विभिन्न सवारी साधन मर्मत | २५००.०० |
| | सम्पूर्ण सवारी साधन मर्मत र पार्टस् बेच्ने | २५००.०० |
| | मोटर साइकल मात्र मर्मत गर्ने | १५००.०० |
| | सम्पूर्ण सवारी साधन मर्मत गर्ने | १५००.०० |
| | गाडीहरू मर्मत र पार्टस् बेच्ने | १५००.०० |
| | मोटर साइकल मर्मत र पार्टस् बेच्ने | १५००.०० |
| | गाडी मर्मत मात्र गर्ने | १०००.०० |
| | मोटर साइकल मर्मत मात्र गर्ने | १०००.०० |
| **१५.** | **छापाखाना** | |
| | अपसेट प्रेस | १५००.०० |
| | साधारण प्रेस | १०००.०० |
| **१६.** | **स्वास्थ्य सेवा** | |
| | अस्पताल | ४०००.०० |
| | पोली क्लिनिक | ३०००.०० |
| | थोक मेडिकल | ३०००.०० |
| | मेडिकल | २०००.०० |
| **१७.** | **मेटल वर्कशप** | **२०००.००** |
| **१८.** | **काष्ट उद्योग** | |
| | काठ चिरानी मेशिन सहित काठहरूको विभिन्न फर्निचर र अरू काठहरूको झ्याल ढोका आदि बनाउने | ५०००.०० |
| | कुनै एक मात्र बनाउने | १५००.०० |
| | काठ काट्ने मेसिन (wood) कटर | १०००.०० |
| **१९.** | **ईटा भट्टा र ईटा डिपो** | |
| | ईटा भट्टा | २५००.०० |
| | ईटा डिपो | १५००.०० |
| **२०.** | **कम्प्युटर इन्सिट्यूट** | **१०००.००** |
| **२१.** | **दाउरा डिपो** | **१०००.००** |
| **२२.** | **पान पसल** | **२५०.००** |
| **२३.** | **तरकारी र फलफूल पसल** | **१२००.००** |
| **२४.** | **चिया पसल** | **५००.००** |

| | | |
|---|---|---|
| **२५.** | **मिलहरू** | |
| | सो भन्दा कम हर्ज पावर क्षमताको मिललाई कुटानी, पिसानी | १५००.०० |
| | १० हर्ज पावर भन्दा माथिको क्षमताको मिललाई- कुटानी, पिसानी, पेलानी | २५००.०० |
| **२६.** | **डिलर** | **५०००.००** |
| **२७.** | **साइकल, भाडा तथा मर्मत** | **५००.००** |
| **२८.** | **ठेकदार** | |
| | नेपाल सरकार घ वर्गको इजाजत प्रमाण-पत्र नविकरण शुल्क | ४०००.०० |
| | नेपाल सरकारको इजाजत प्राप्त घ वर्गको ठेकेदार दर्ता शुल्क | ५०००.०० |
| | नेपाल सरकारको इजाजत प्राप्त ग वर्गको ठेकेदार | १००००.०० |
| | नेपाल सरकारको इजाजत प्राप्त ख वर्गको ठेकेदार | १५०००.०० |
| | नेपाल सरकारको इजाजत प्राप्त क वर्गको ठेकेदार | २५०००.०० |
| **२९.** | **कपडा पसल** | **२५००.००** |
| **३०.** | **किनारा पसल** | |
| | थोक सहितको किनारा पसल | २५००.०० |
| | पचास हजार भन्दा बढी लगानी भएको किनारा पसल | १०००.०० |
| | सो भन्दा कम लगानी भएको किनारा पसल | ५००.०० |
| **३१.** | **खाद्य पसल** | |
| | थोक सहितको खाद्य पसल | १५००.०० |
| | खुद्रा मात्रको खाद्य पसल | १०००.०० |
| **३२.** | **भाँडा पसल** | |
| | थोक विक्रेता | १५००.०० |
| | खुद्रा | १०००.०० |
| **३३.** | **चुरा धागो तथा श्रृङ्गारका सामान पसल** | |
| | सो भन्दा कम लगानी गर्ने पसल | ५००.०० |
| | पचास हजारभन्दा बढी लगानी भएको पसल | १०००.०० |
| | थोक सहितको पसल | १५००.०० |
| **३४.** | **कुखुरा पालन** | |
| | चारसय भन्दा वढी कुखुरा पाल्ने | २५००.०० |
| | चारसय भन्दा कम कुखुरा पाल्ने | १५००.०० |
| **३५.** | तयारी पोशाक (फेन्सी पसल) | २०००.०० |
| **३६.** | तैयारी जुत्ता पसल | १०००.०० |
| **३७.** | दन्त क्लिनिक | १०००.०० |

| | | |
|---|---|---|
| **३८.** | हार्डवेयर पसल | २५००.०० |
| **३९.** | इलेक्ट्रिक पसल | १५००.०० |
| **४०.** | कानूनी फर्म | १०००.०० |
| **४१.** | साइन वोर्ड पेन्टिङ्ग | ५००.०० |
| **४२.** | फर्निचर एण्ड फर्निसिङ पसल | २०००.०० |
| **४३.** | स्टेशनरी पसल | १०००.०० |
| **४४.** | जडीवुटी खरिद विक्रि पसल | १५००.०० |
| **४५.** | लेखापरीक्षक | १०००.०० |
| **४६.** | टेलिभिजन पसल | १५००.०० |
| **४७.** | **बेकरी उद्योग र बेकरी पसल** | |
| | उद्योग | १५००.०० |
| | पसल | १०००.०० |
| **४८.** | अन्य उद्योग | |
| | १ लाख ५० हजार भन्दा कम लागनी भएको | ३०००.०० |
| | १ लाख ५० हजारदेखि २० लाखसम्म लगानी भएको | ५०००.०० |
| | २० लाख भन्दा बढी लगानी भएको | १००००.०० |
| | मिनरल वाटर उद्योग | १००००.०० |
| | प्रशोधित पिउने उद्योग | १००००.०० |
| | साबुन उद्योग | ५०००.०० |
| **४९.** | **विज्ञापन सेवा वा एजेन्ट** | **१०००.००** |
| **५०.** | **पशु बधशाला** | **२०००.००** |
| **५१.** | **अन्तर्राष्ट्रिय गैरसरकारी संस्था (शाखा कार्यालय समेत)** | **१००००.००** |
| **५२.** | **वित्तिय सेवा** | |
| | नेपाल सरकारको पूर्ण स्वामित्व रहेको बाहेक आर्थिक कारोबार गर्ने क वर्गको बैंकहरू | १००००.०० |
| | नेपाल सरकारको पूर्ण स्वामित्व रहेको बाहेक आर्थिक कारोबार गर्ने ख वर्गको बैंकहरू | ५०००.०० |
| **५३.** | **निजी विद्यालय** | |
| | १ देखि ५ सम्म | ५०००.०० |
| | १ देखि ८ सम्म | ७०००.०० |
| | १ देखि १२ सम्म | १००००.०० |
| **५४.** | **सिनेमा हल** | |
| | सिनेमा हल | ५०००.०० |

| | | |
|---|---|---|
| | भिडियो हल | २५००.०० |
| **५५.** | **चस्मा पसल** | **१०००.००** |
| **५६.** | सिलाई मेशिन विक्रि तथा मर्मत गर्ने पसल | १०००.०० |
| **५७.** | रेफ्रिजेनेटर मर्मत | १०००.०० |
| **५८.** | दुग्ध डिपो/पसल | १०००.०० |
| **५९.** | ब्युटि पार्लर | १०००.०० |
| **६०.** | सप्लायर्स | १५००.०० |
| **६१.** | टेलिफोन टावर राखि सञ्चार सेवा उपलब्ध गराउने संस्थालाई | २००००.०० |
| **६२.** | जग्गा विकास हाउजिङ्ग | १००००.०० |
| **६३.** | म्यान पावर | |
| | आन्तरिक | २५००.०० |
| | बाह्य | ५०००.०० |
| **६४.** | **क्याटरिङ सेवा** | **२५००.००** |
| **६५.** | **मार्वल/टायर पसल** | **२५००.००** |
| **६६.** | **सवारी साधनको शोरुम** | |
| **६७.** | **ट्याक्टर तथा अन्य मेशिनरीको शोरुम** | **५०००.००** |
| | मोटरसाइकलको शोरुम | ७०००.०० |
| | गाडीको शोरूम | १००००.०० |
| | कृषि तथा भेटेरिनरी सामाग्रीको पसल/भेटनरी सम्बन्धी पसल | १२००.०० |
| **६८.** | आइसक्रिम पसल | ५००.०० |
| **६९.** | दाना उद्योग | २५००.०० |
| **७०.** | तारजाली बनाउने उद्योग | २०००.०० |
| **७१.** | कृषि व्यवसाय (बंगुर, माछा, बाख्रा गाई पालन) | १५००.०० |
| **७२.** | नीजि कलेज | २००००.०० |
| **७३.** | चौपाया व्यवसाय (प्रति गोटा) | २०.०० |
| **७४.** | पानी ट्यांकर | १०००.०० |
| **७५.** | ग्यास डिपो | १०००.०० |
| **७६.** | कोल्डस्टोर | २५००.०० |
| **७७.** | एफ. एम. रेडियो नविकरण (१०० वाटसम्म मात्र) | ३०००.०० |
| **७८.** | मन्टेश्वरी सञ्चालन | २०००.०० |
| **७९.** | ट्युसन सेन्टर | २०००.०० |
| **८०.** | हाट बजार प्रवेश प्रति व्यापारी | रु. १०.०० |
| **८१.** | कम्युटर, ईलेक्ट्रोनिक्स पसल तथा कम्प्यूटर/इलेक्ट्रोनिक्स पार्ट पसल | १५००.०० |

| | | |
|---|---|---|
| ८२. | सिरक दसना पेल्ने मेशिन सहित | १५००.०० |
| ८३. | आरन व्यबसाय संचालन | १०००.०० |
| ८४. | रेमिटान्स सेवा | ३०००.०० |
| ८५ | सम्पुर्ण व्यबसाय परिचय-पाटी | २००.०० |

**नोटः**

१. यस्मा डिलर, एजेन्ट, डिपो, सव-डिलर आदि बाहेक अन्य पसल, उद्योग, व्यवसायको हकमा कसैले एउटै पसलमा धैरै आइटम राखि पसल वा व्यवसाय गरेको छ भने सबै आइटम मध्ये कुनै एकको मात्र कर लिने छ यसमा सबै आइटम मध्ये जुन आइटममा कर रकम बढी छ सोहीलाई कायम गरी असूल गरिने छ ।

२. म्याद भित्र नबुझाउने कुनै पनि करदाताहरूबाट बुझाउनु पर्ने सम्पूर्ण व्यवसाय कर र प्रतिवर्ष दश प्रतिशतका दरले जरिवाना सहित व्यवसायकर असूल अरिने छ ।

३. कुनै पनि नयाँ व्यवसाय शुरू गर्दा दर्ता शुल्क रू. १५००.०० लाग्नेछ ।

४. कृषिजन्य (विभिन्न प्रकारका वालीहरु) व्यवसाय नयाँ दर्ता शुल्क रू. ५०० र नविकरण शुल्क रू.२५० लाग्नेछ ।

५. कृषक समुह नयाँ दर्ता शुल्क रू. १०० र नविकरण शुल्क रू. ५० लाग्नेछ ।

## अनुसुचि ५: जडिबुटी, कवाडी र जीवजन्तु कर

**१. वातावरण कर**

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १. | सल्लाको खोटो संकलन (प्रति केजी) | २.०० |
| २. | काठ निकासी (सल्ला A ग्रेड प्रति क्यू फिट | १५.०० |
| ३. | काठ निकासी (सल्ला B ग्रेड प्रति क्यू फिट | १२.०० |
| ४. | कु काठ प्रति क्यू फिट | १०.०० |
| ५. | साल A ग्रेड प्रति क्यू फिट | २५.०० |
| ६. | साल B ग्रेड प्रति क्यू फिट | २०.०० |
| ७. | जडिबुटि शुल्क कुल राजश्व रकमको | १० प्रतिशत |
| ८. | गिट्टी, वालुवा, ढुङ्गा वापतको कर | |
| | टिप्पर/ मिनी ट्रकको प्रति ट्रिप | ६००.०० |
| | ट्रक प्रति ट्रिप | १०००.०० |
| | ट्राक्टर | ४००.०० |
| ९. | माछा मार्न इजाजत पत्र | २०००.०० |

क) पटके सवारी कर निम्न अनुसार लिने । (गाउँपालिकाले निर्माण, मर्मत वा स्तरोन्नती गरेको सडक प्रयोगमा मात्र)

ख) यस गाउँपालिकामा प्रवेशका लागि बाटो निर्माण तथा संभार गर्नका लागि चालु आ.व. २०७७/७८ देखि देहाय अनुसार पटके सवारी कर लिने ।

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १. | बस, ट्रक, ट्राक्टर आदिमा | ५०.०० |
| २. | अन्य सवारीमा रु. | २५.०० |

यस गाउँपालिका सवारी वार्षिक कर तिरेका सवारीमा र मोटर साइकल जस्ता सवारीमा, सरकारी तथा कुटनैतिक नियोगका सवारी साधनमा उक्त कर लिईने छैन ।

## अनुसुचि ७: विज्ञापन कर

**विज्ञापन करः** ठेक्का प्रक्रियाद्वारा विज्ञापन कर उठाउनको लागि देहाय अनुसार दररेट निर्धारण गरी वार्षिक रूपमा विज्ञापन कर लिने ।

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १. | होर्डिङ बोर्ड प्रति वर्ग फिट | १००.०० |
| २. | भित्ते लेखन/सटर पेन्टिङ प्रति वर्ग फिट | ५०.०० |

## अनुसुचि ८: मनोरञ्जन कर

**मनोरञ्जन करः** मनोरञ्जनको कार्यक्रम सञ्चालन गर्ने सञ्चालकसँग गाउँपालिका र सञ्चालकबीच आपसी समझदारीमा मनोरञ्जन कर लिने । तथा विविध क्षेत्र छुट्याई न्यूनतम दर कायम गर्ने ।

## अनुसुचि ९: बहाल बिटौरी शुल्क

**भाडाः** यस गाउँपालिकामा रहेका हल तथा प्रोजेक्टर प्रयोग गरे वापत प्रति दिन हल भाडा रू. २०००.०० र प्रोजेक्टर भाडा रू. ५००.०० लिई उपलब्ध गराइने छ ।

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १. | हल भाडा प्रति कार्यक्रम | २०००.०० |
| २. | प्रोजेक्टर भाडा प्रति कार्यक्रम | ५००.०० |

| | | |
|---|---|---|
| ३. | ब्याकुलोडर भाडा प्रति घण्टा (डिजेल बाहेक) | १५००.०० |
| ४. | टेक्टर भाडा प्रति दिन (डिजेल बाहेक) | २०००.०० |
| ५. | सार्वजनिक स्थानमा रहेका पसलहरूको भाडा प्रति महिना | ५००.०० |
| ६. | घुमन्ते व्यापारी प्रतिदिन | १००.०० |

## अनुसुचि १०: पार्किङ शुल्क

**पार्किङ शुल्कः** पार्किङ शुल्क निम्न अनुसार लिईनेछ ।

गाउँपालिका क्षेत्रभित्र प्रवेश गर्ने सवारी साधनहरूलाई व्यवस्थित पार्किङको व्यवस्था गरेमा सो स्थानमा पार्क गरे वापत निम्नानुसार पार्किङ शुल्क लिने ।

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १. | बस, ट्रक आदिमा एक पटकका लागि | १००.०० |
| २. | जिप भ्यानमा | ५०.०० |
| ३. | मोटरसाइकलमा पार्किङ्ग शुल्क लिइने छ । | १०.०० |

यस गाउँपालिकामा सवारी वार्षिक कर तिरेका सवारीमा र मोटरसाईकल जस्ता सवारीमा र सरकारी तथा कुटनैतिक नियोगका सवारीमा साधनमा उक्त कर लिईने छैन ।

## अनुसुचि ११: सेवा शुल्क, दस्तुर

**सेवा शुल्क तथा सिफारिस दस्तुरः** गाउँपालिकाबाट उपलब्ध गराउने सिफारिसहरूको निम्न बमोजिम निवेदन दस्तूर र सिफारिस दस्तूर लिने ।

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १. | नागरिकता सिफारिस | १००.०० |
| २. | नामसारि सिफारिस | २००.०० |
| ३. | फर्म दर्ता सिफारिस | २००.०० |
| ४. | उद्योग दर्ता सिफारिस प्रति लाखमा | ३००.०० |
| ५. | जग्गा धनी प्रमाण पूर्जा प्रतिलिपि सिफारिस | १००.०० |
| ६. | नाता प्रमाणित | २००.०० |
| ७. | सगोल नाता प्रमाणित | २००.०० |
| ८. | धारा/विजुली मिटर सिफारिस | २००.०० |

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| ९. | नाम, थर आदि सच्चाउने सिफारिस | १००.०० |
| १०. | जग्गा/मोही नामसारी/जग्गा दर्ता/ गुठी/ रैकर आदि | २००.०० |
| ११. | जग्गा खरिद विक्रिमा घर, बाटो प्रमाणित | २००.०० |
| १२. | कालोपत्रे मोटरबाटो भएको छ भनी गरिने सिफारिस | २००.०० |
| १३. | अन्य मोटरबाटो भएको छ भनी गरिने सिफारिस | १००.०० |
| १४. | आयस्रोत प्रमाणितको सिफारिसमा बार्षिक आयको हिसावले | ०.२० प्रतिशत |
| १५. | रूख काट्नको लागि सिफारिस दिँदा प्रति रूख | २००.०० |
| १६. | वडा स्तरिय योजना सम्झौता सिफारिस | २००.०० |
| | गाउँपालिका स्तरीय योजना | ५००.०० |
| | अन्य योजना | १०००.०० |
| १७. | योजना फरफारक सिफारिस | |
| | गाउँपालिका स्तरीय योजनामा योजना रकमको | १ प्रतिशत |
| | अन्य योजनाहरू (प्रदेश/संघ) योजना रकमको गाउँपालिकाबाट भुक्तानी दिनु परेमा मात्र । | २ प्रतिशत |
| | अन्य योजनाहरू (संघ/प्रदेश) योजना रकमको गाउँपालिकाबाट भुक्तानी गर्नु नपर्ने भएमा । | ०.५ प्रतिशत |
| १८. | एफ. एम. रेडियो दर्ता (१०० वाटसम्म) | ५०००.०० |
| १९. | उद्योग ठाँउसारी सिफारिस | ५००.०० |
| २०. | **यस गाउँपालिकामा दर्ता भए गरेका गैरसरकारी संस्था दर्ता तथा नविकरण गर्न जिल्ला प्रशासन कार्यालयलाई सिफारिस गरिदा निम्नानुसार सिफारिस दस्तुर लिने ।** | |
| | नयाँ दर्ता वा शाखा विस्तार सिफारिस शुल्क | १५००.०० |
| | **नविकरण शुल्क** | |
| | रू. ३ लाखसम्म कारोबार भएका संस्था नविकरण गर्दा | ५००.०० |
| | रू. ३ तीनलाख देखि १० लाखसम्म कारोबार भएका संस्था नविकरण गर्दा | १०००.०० |
| | रू. १० लाखदेखि ५० लाखसम्म कारोबार भएका संस्था नविकरण गर्दा | २०००.०० |
| | रू. ५० लाखदेखि २ करोडसम्म कारोबार भएका संस्था नविकरण गर्दा | ५०००.०० |
| | रू. २ करोड भन्दा माथि कारोवार भएको संस्थाको | १००००.०० |
| २१. | **गाउँपालिका भित्र रहेका मठ, मन्दिर, धार्मिक परोपकारी संस्था र क्लब दर्ता र नविकरण गर्नका लागि जिल्ला प्रशासन कार्यालयलाई सिफारिस गर्दा निम्नानुसार सिफारिस दस्तुर लिने ।** | |

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| | दर्ता सिफारिस दस्तूर | २५०.०० |
| | नविकरण सिफारिस | २५०.०० |
| | विलम्ब शुल्क | २५०.०० |
| | टोल विकास समिति, आमा समूह जस्ता संस्थाको दर्ता शुल्क | २००.०० |
| | टोल विकास समिति, आमा समूह जस्ता संस्थाको नविकरण शुल्क | २००.०० |
| **२२.** | **पञ्जिकरण सम्बन्धी** | |
| | घटना दर्ता प्रमाण पत्र (बिलम्ब शुल्क) (राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण नियमावली २०७७ नियम १७ को उपनियम २) | २००.०० |
| | घटना दर्ता प्रमाण पत्र प्रतिलिपि (राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण नियमावली २०७७ नियम १३ को उपनियम ३) | ५००.०० |
| | व्यक्तिगत घटना दर्ता नागरिक अभिलेख दर्ता किताव हेरेको दस्तुर (राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण नियमावली २०७७ नियम २४ को उपनियम १) | २००.०० |
| **२३.** | सम्पुर्ण अंग्रेजी सिफारिस दस्तुरमा, नेपाली सिफारिसका लागि तोकिएको दस्तुरमा सतप्रतिशत थप | |

**नोटः**

१. छात्रवृत्ति, आर्थिक सहायता, निःशुल्क स्वास्थ्य उपचार, दैवी प्रकोप र जेष्ठ नागरिक भत्ता प्राप्तको लागि गरिने मञ्जुरनामाको सिफारिस आदि सिफारिस आदि सिफारिसमा सिफारिस दस्तुर छुट दिने ।

२. पूँजीकरण सम्बन्धी सबै दर्ताहरू निःशुल्क हुने छन् तर प्रचलित कानून बमोजिम निर्धारित समयभित्र दर्ता नगरेमा रू. २५ लाग्नेछ ।

३. यो ऐनमा व्यवस्था नभएका अन्य सिफारिसका हकमा यस ऐनसँग नबाझिने गरी कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

४. यस गाउँपालिकामा कर, दस्तूर, महशुल आदि बुझाएको भनी लिएको प्रमाणपत्रहरू आदि हराएमा रू. २५०.०० लिई अर्को प्रतिलिपि प्रमाणपत्र दिईनेछ ।

**सार्वजनिक शौचालयः** नीजि क्षेत्रसँग साझेदारी माध्यमबाट सञ्चालन भएका सार्वजनिक शौचालयहरूमा दिसा गरेको रु. १०.०० र पिसाव फेरेको रु. ५.०० सेवा शुल्क लिने ।

**फोटोकपि, स्क्यानिङ्ग र टाइपिङ शूल्कः** स्थानीय बजारमा विद्युतिय तथा अन्य सेवा उपलब्ध नभइ सेवाग्राहीहरूले फोटोकपी लगायत अन्य कार्य उपलब्ध गराइ सेवा प्रवाहको माग गरेमा देहायको सेवा शुल्क लाग्नेछ । तर बजारमा यी सेवाहरू उपलब्ध भएमा यी सेवाहरू गाउँपालिकाबाट उपलब्ध गराइने छैन ।

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १. | फोटोकपी प्रति पृष्ठ एकतर्फी | ५.०० |
| २. | फोटोकपी प्रति पृष्ठ दुई तर्फी | १०.०० |
| ३. | नेपाली टाइपिङ प्रतिपृष्ठ | ३०.०० |
| ४. | अंग्रेजी टाइपिङ्ग | २०.०० |
| ५. | स्क्यानिङ्ड प्रति पृष्ठ | २०.०० |

**आज्ञाले,**
रामचन्द्र जोशी
नि. प्रमुख प्रशासकीय अधिकृत